अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

## थासाङ गाउँपालिका

# स्थानीय राजपत्र


खण्ड : ६ | संख्या : २ | मिति :२०७९।०९।१४


## भाग — २

# थासाङ गाउँपालिका

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९

थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०९।१४


थासाङ गाउँपालिका

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः**

थासाङ गाउँपालिका भित्र उत्सर्जन/उत्पादन हुने फोहरमैला व्यवस्थि, भरपर्दो र प्रभावकारी व्यवस्थापन गरि स्वच्छ, सफा र सुन्दर गाउँपालिका बनाउनको लागि थासाङ गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ११ को उपदफा ७, दफा १०२ को उपदफा १ र फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९ बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नामः "फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि थासाङ गाउँकार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **संविधान** भन्नाले, नेपालको संविधान २०७२ संझनुपर्दछ ।

(२) **स्थानीय तह** भन्नाले, नेपालको संविधानको धारा ५६ को उपधारा ४ वमोजिमको गाउँपालिका सम्झनुपर्दछ ।

(३) **कार्यपालिका** भन्नाले, थासाङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(४) **ऐन** भन्नाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

(५) **अध्यक्ष** भन्नाले, थासाङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(६) **उपाध्यक्ष** भन्नाले, थासाङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(७) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले, थासाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(८) **गाउँपालिका भन्नाले**, थासाङ गाउँपालिकालाई सम्झनुपर्दछ ।

(९) **कार्यविधि** भन्नाले, फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९ लाई सम्झनुपर्दछ ।

(१०) **फोहरमैला** भन्नाले, घरेलु फोहरमैला, औद्यागिक फोहरमैला, रासायनिक फोहरमैला , स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्दछ र यस शब्दले प्रयोगमा नआउने वा फालिएका सडे गलेका वा वातावरण प्रदुषण गराउने खालका वस्तुलाई जनाउँदछ ।

(११) **संकलन** भन्नाले, घर घरबाट निस्कने फोहरलाई फोहरमैला व्यवस्थापन केन्द्रमा लैजानका लागि जम्मा गरिने कार्यलाई संम्झनुपर्दछ ।

थासाङ गाउँपालिका

(१२) **निष्काशन** भन्नाले, फोहरमैला उत्पादन स्थलबाट गाउँपालिकाले फोहर व्यवस्थापनका लागि तोकेको स्थानमा लैजाने कार्यलाई सम्झनुपर्दछ ।

(१३) **वडा समिति** भन्नाले, थासाङ गाउँपालिकाका सबै वडा समितिलाई सम्झनुपर्दछ ।

(१४) **समिति** भन्नाले, फोहरमैला व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(१५) **सामुदायिक संस्था** भन्नाले, नाफाको भावना नराखी समुदायको हितका लागि कार्य गर्नका लागि गठन भएका टोल विकास संस्था, उपभोक्ता समिति र अन्य गैरसरकारी संस्थालाई सम्झनुपर्दछ।

**३. फोहरमैलाको व्यवस्थापनः-**

(१) थासाङ गाउँपालिकाभित्र उत्पादन हुने सम्पूर्ण खालका फोहरमैलाको संकलन, त्यसको निष्काशन लगायत फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) उपदफा १ वमोजिम फोहरमैलाको व्यवस्थापन गर्दा गाउँपालिकाको सामुदायिक संस्था, टोल विकास समिति, आमा समूह, युवा क्लब लगायतका सरकारी तथा गैह्रसरकारी संस्थाहरुको साझेदारी र सहभागिताका आधारमा गर्ने व्यवस्था मिलाउनेछ ।

(३) गाउँपालिकाले उपदफा (२) वमोजिम सामुदायिक संस्थाहरुको साझेदारीका आधारमा फोहरमैलाको व्यवस्थापन गर्दा त्यस्ता संस्थाहरूम सम्झौता गरि गर्ने व्यवस्था मिलाउन सक्नेछ। उपदफा (२) वमोजिम सरकारी तथा गैरसरकारी संघ संस्थाको सहभागीतामा गरिने सम्झौताको नमुना अनुसुचि-१ मा उल्लेख भएवमोजिम हुनेछ ।

(४) यस दफामा जुन सुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आवश्यकता अनुसार फोहरमैला व्यवस्थापन गर्ने कार्य टोल विकास समिति मार्फत गराउने व्यवस्था मिलाउन सक्नेछ ।

**४. फोहरमैला व्यवस्थापन समितिको गठनः-**

(१) दफा (३) को उपदफा १,२,३ र ४ वमोजिम फोहरमैलाको व्यवस्थापन गर्नको लागि देहाय वमोजिमका पदाधिकारीहरु रहने गरि फोहरमैला व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| घ. कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका सदस्य एक जना | सदस्य |
| ङ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

च. उद्योग वाणिज्य संघको अध्यक्ष/प्रतिनिधि सदस्य

छ. वातावरणको क्षेत्रमा अनुभव भएको एक जना गाउँबासी सदस्य

ज. जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सदस्य

झ. खानेपानी, जलस्रोत तथा सिचाई विकास सव-डिभिजन प्रतिनिधि सदस्य

ञ. डिभिजन वन कार्यालय, प्रतिनिधि सदस्य

ट. अन्नपूर्ण संरक्षण क्षेत्र, उपभोक्ता समिति/उपसमिति प्रतिनिध सदस्य

ठ. खानेपानी / वातावरण /योजना शाखा प्रमुख सदस्य

उपदफा (१) वमोजिम गठन हुने फोहरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क. फोहरमैला व्यवस्थापनका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने ।

ख. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैला व्यवस्थापन अनुगमन मुल्याङ्कन र समिक्षा गर्ने।

ग. फोहरमैला व्यवस्थापन र पूर्ण सरसफाई गाउँपालिका बनाउनका लागि अभियानमुलक, जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

घ. फोहरमैला व्यवस्थापनका लागि वातारणीय ऐन तथा नियमावली र यससँग सम्वन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रहि गाउँक्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

ङ. गाउँ क्षेत्रमा उत्पादन हुने फोहोंरलाई उत्पादन स्थलमा स्रोतमा वर्गिकरण गरि संकलन गर्ने /गराउने व्यवस्था मिलाउने।

च. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहरलाई घटाउने पुन प्रयोग गर्ने र RECYLE गर्ने व्यवस्था मिलाउने।

छ. गाउँपालिकाले फोहर व्यवस्थापनका लागि तोकेको क्षेत्रमा पार्क उद्यान लगायतका हरियाली क्षेत्रको विकास गर्ने व्यवस्था मिलाउने ।

ज. फोहरमैला व्यवस्थापनका लागि सरकारी गैरसरकारी सामुदायिक तथा निजि क्षेत्रहरको साझेदारी र सहभागिता जुटाउने।

झ. फोहरमैला व्यवस्थापनका क्षेत्रमा आउने समस्याहरुको समाधान गरि व्यवस्थित रुपमा फोहरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

ञ. फोहरमैला व्यवस्थापनको लागि आवश्यक ऐन कानुन तथा निति नियमहरुको तर्जुमा गर्ने।



ग्रामीण गाउँपालिका

ट. फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने साधन स्रोतको पहिचान संकलित श्रोतको पहिचान र व्यवस्था गर्ने।

ठ. फोहरमैला व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने।

ड. फोहरमैला व्यवस्थापनका लागि भैपरि आउने सम्पुर्ण कार्यहरु गर्ने गराउने।

**५. फोहरमैलाको कम उत्पादनः-**

(१) कुनै पनि थासाङबासी तथा उद्योग व्यवसायमा संलग्न पदाधिकारी, स्वास्थ्य संस्था वा क्लिनिकहरूले सकेसम्म आफ्नो कार्यसम्पादन गर्दा सकेसम्म कम फोहरमैला उत्पादन हुने गरि गर्नुपर्दछ ।

(२) उपदफा १ वमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघ संस्थाले आफुले उत्पादन गरेको फोहर मध्ये आफैले पुन प्रयोग वा पुन प्रशोधन गर्ने फोहरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाई फोहर कम गर्ने उपाय अपनाउनुपर्नेछ र आफुले पुन प्रयोग वा पुन प्रशोधन गर्न नसक्ने फोहरमैला मात्र विसर्जनका लागि गाउँपालिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनुपर्दछ।

(३) उपदफा १ बमोजिम उत्पादन भएको फोहर अलग अलग रुपमा पृथकीकरण गरि वातावरणमा प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खालका फोहरहरुको विक्रि वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयंले मिलाउनुपर्नेछ ।यसरी उत्पादक स्वयंले विक्रि वितरण गर्ने कार्यमा सम्पुर्ण गाउँवासीहरुलाई गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

(४) उपदफा १ वमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले जथाभावी फोहर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यक्ति वा संघ संस्थालाई कानुन वमोजिम कडा कार्यवाही गरिनेछ।

**६. फोहरमैला पृथकीकरण गर्नेः-**

(१) यस कार्यविधिको दफा ५ को उपदफा १ वमोजिम फोहर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले आफुले उत्पादन गरेको फोहरलाई कुहिने वा नकुहिने, पुन प्रयोग गर्न सकिने वा नसकिने जैविक वा अजैविक र अन्य कुनै प्रकारबाट स्रोतमा नै छुट्टाउने /पृथकीकरण गर्ने व्यवस्था मिलाउने,

(२) उपदफा १ बमोजिमको फोहर पृथकीकरणको नमूना अनुसुचि-२ वमोजिम हुनेछ ।

(३) उपदफा १ बमोजिम छुट्याइएको फोहरको विसर्जन गरि गाउँपालिकाले उपलब्ध गराएको आवश्यक प्रविधि /सामान /उपकरण वा कन्टेनरको मार्फत फोहरमैला व्यवस्थापन केन्द्रसम्म लैजाने कार्यमा आवश्यक सहयोग गर्नुपर्नेछ।



थासाङ गाउँपालिका

(४) उपदफा १ बमोजिम आफुले उत्पादन गरेको फोहर पृथकीकरण नगर्ने उत्पादकहरुको फोहरमैला गाउँपालिकाले उठाउने छैन र फोहरको पृथ्थकीकरणमा असहयोग गर्ने उत्पादकलाई प्रचलित कानुन वमोजिम कारबाही गरि गाउँपालिका बाट उपलब्ध गराउने सेवाहरु समेत उपलब्ध गराइनेछैन।

**७. फोहरमैलाको निष्काशनः-**

(१) गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने फोहरमैला निष्काशनको समय स्थानविधि र प्रक्रिया गाउँपालिकाले निर्धारण गरेको वमोजिम हुनेछ।

(२) उपदफा १ वमोजिम गाउँपालिकाको तोकेको विधि र प्रक्रिया बमोजिम फोहर निष्काशन गर्ने कार्यमा सहयोग गर्नु प्रत्येक नगरवासीको जिम्मेवारी र दायित्व हुनेछ ।

(३) गाउँपालिकाले उपदफा १ बमोजिम गाउँपालिकाले फोहरमैलाको व्यवस्थित निष्काशनका लागि कुन टोल वा क्षेत्रमा कुन मितिमा वा समयमा कुन कुन किसिमको फोहर संकलन गरि निष्काशन गर्ने समयसारणी तयार गरि प्रकाशित गर्नेछ र त्यस्तो समयसारणको पालना गर्नु प्रत्येक गाउँवासीको दायित्व हुनेछ।

(४) उपदफा (३) बमोजिमको समयसारणी तथार गरी कार्यान्वयन गर्दा नगरपालिकाको सबै नगरबासिलाई पायक पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

**८. फोहरमैलाको ढुवानी व्यवस्थाः-**

(१) गाउँपालिका भित्र उत्पादन भएको फोहरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ । तर गाउँपालिकाले तोके बमोजिमको पृथ्थकीकरण नगरिएको नगरबासिको फोहरको संकलन र ढुवानी गर्नका लागि गाउँपालिका बाध्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको फोहरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहर पृथक पृथक समय र मितिमा अलग अलग रूपमा गरिनेछ ।

**९. फोहरमैला व्यवस्थापन केन्द्रः**

(१) गाउँपालिका भित्र उत्पादन हुने फोहरमैलाको व्यवस्थापनका लागि आवश्यक पर्ने फोहरमैला व्यवस्थापन केनद्र  गाउँपालिकाका क्षेत्र भित्र रहेको उपयुक्त स्थानमा गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थपनका लागि आवश्यक पर्ने जग्गा गाउँपालिकाले खारिद गरेको वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिकाले उपदफ (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्र गाउँक्षेत्र आवश्यकता अनुसार एक वा एक भन्दा बढि स्थानमा तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अवलम्बन गर्ने गरी व्यवस्थापन गर्नि पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ति र फोहरमैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिइनेछ ।

(६) गाउँपालिकाले उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघिय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सक्नेछ ।

(७) उपदाफा (१) बमोजिमको फोहरमैला केन्द्रको वरिपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्यूनिकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुंगा गिट्टि बालुवाको उत्खन्नलाई आवश्यकता अनुसार प्रतिवन्ध लगाउन सकिनेछ ।

(८) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि निजीक्षेत्रबाट माग भएका वातावरणीय प्रभाव र प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले अनुमति सक्नेछ ।

(९) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकेको फोहरमैला व्यवस्थपन केन्द्रको अल्पकालिन, मध्यमालिन र दिर्घकालिन योजना वनाई गाउँपालिकाको आर्थिक क्षमताकोँ आधारमा क्रमश: अगाडि वढाउनेछ ।

(१०) उपदफा (१)बमोजिमको गाउँपालिकाले फोहरमैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहरमैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको बासिन्दाहरूको आवाश्यक सल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहरमैलाबाट वातावरण प्रतिकुल असर नगर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था रहनेछ ।

तर निजिक्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमती दिएकोमा वातावरणिय मापदण्ड बमोजिम रहे नरहेको बिषयमा गाउँपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

**१०.निजि क्षेत्रसँगको सहकार्यमा फोहरमैलाको व्यवस्थापन गर्न सकिने:**

(१) यस कार्यविधि बमोजिम उत्पादन हुने फोहरको पृथकीकरण गर्ने, पृथकीकरण गरिएको फोहरको संकलन गरी गाउँपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहर लेजान,

गाउँ सभाले तोके बमोजिम फोहरमैला शुल्क उठाउन, फोहरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रम संचालन निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा कुन, के कति समयका लागि, कुन कार्य, के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरू तयार गरी गाउँपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झैता गरी वा प्रतिस्पर्धाका आधारमा गर्न सकिनेछ ।

**११. फोहरमैला व्यवस्थापन शुल्कः**

(१) गाउँपालिकाले गाउँक्षेत्रभित्र उत्पादन भएको फोहर व्यवस्थापन गरे वापत गाउँसभाबाट तोकिए बमोजिमको शुल्क उठाउने छ ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन शुल्क निर्धारण गर्दा फोहरमैलाको तौल, फोहरबाट मानव स्वास्थ्यमा पर्ने असर , फोहरमैलाको ढुवानी र तोकिए बमोजिमको अन्य मापदण्डका आधारमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिका आफैले वा सम्झौता अनुसार गाउँपालिकाले तोकेको संघ संस्था वा व्यक्ति मार्फत उठाइनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै निज संघ संस्था वा व्यक्तिलाइ फोहरमैला व्यवस्थापन शुल्क उठाए वापतको निश्चित रकम उपलब्ध गराइनेछ। त्यसरी उपल्ब्ध गराएको रकम सम्बन्धित विकास निर्माणमा खर्च गर्नुपर्नेछ ।

**१२. सेवा निलम्बन गर्न सकिनेः**

(१) गाउँपालिकाद्वारा हुने फोहरमैला व्यवस्थापनको कार्यमा सहयोग गर्नु प्रत्येक गाउँबासिको दायित्व र जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्ने कार्यमा विरोध वा फोहरमैला शुल्क नबुझाउने सेवाग्राहीलाई फोहरमैला सम्बन्धि सेवा तत्काल निलम्बन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको फोहरमैला उत्पादन गर्ने संघ संस्था वा व्यक्तिले आफुले गरेको फोहर आफैले व्यवस्थापन गर्नु पर्नेछ ।

(४) फोहरमैला व्यवस्थापनका लागि दफा १० को उपदफा (१) बमोजिमको गाउँसभाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने गाउँबासिलाई विद्युत, टेलिफोन, जग्गाको कारोवार लगाएतका सेवा उपलब्ध गराईनेछैन ।

**१३. कसूर तथा दण्ड सजायः**

(१) यस कार्यविधिमा उल्लेख भए बमोजिम फोहरमैला व्यवस्थापनको कार्यमा असहयोग गरेमा वा कार्यविधिको उल्लघन गरेमा त्यस्तो फोहरमैला उत्पादकलाई प्रचलित कानून बमोजिम कसुर अनुसारको दण्ड सजाय गरिनेछ।

**१४. फोहरमैलाको विक्रि वितरणः**

(१) गाउँपालिकाले फोहर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहरलाई नियमितरूपमा विक्रि वितरण गर्ने व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विक्रि वितरण गर्नका लागि फोहरमैलाको वर्गीकर्ण गरी त्यसको न्युनतम मुल्य गाउँपालिकाद्वारा निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. विविधः**

(१) यस कार्यविधि अनुसार फोहरमैला व्यवस्थापनका लागि गाउपालिकाले थासाङ क्षेत्रभित्र रहेको सरकारी निकाय, बैंक, वित्तिय संस्था,अस्पताल, संघसंस्थालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ। त्पस्तो निर्देशन/आदेश पालना गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

**१६. कार्यविधिमा संसोधनः**

(१) यस कार्यविधिको कार्यान्वयन कुनै खालको समस्या आएमा वा संशोधन गर्नु परेमा कार्यापालिकाको निर्णयअनुसार गरिनेछ ।

थासाङ गाउँपालिका

## अनुसुची- १

## सम्झौताको नमुना

थासाङ गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने) र ..................संस्था/समिति विचमा (यस पछि दोस्रो पक्ष भनिने) थासाङ गाउँपालिकाको ............देखि...............सम्मको स्थानमा उत्पादन हुने फोहरमैलाको व्यवस्थापन देहायका शर्तहरूको अधिनमा रहि गर्ने/गराउने गरी यो सम्झौता गरिएको छ।

क. .................स्थान देखि ................स्थान सम्मको क्षेत्रमा उत्पादन हने फोहरमैलाको गाउँपालिकाले तोके बमोजिम अलग अलग रूपमा छुटाई घर घरमा व्यवस्थित रूपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोश्रो पक्ष हिनेछ ।

ख. घर घरमा व्यवस्थित रूपमा जम्मा भएको फोहरमैला, फोहरमैला व्यवस्थापन केन्द्र सम्म लैजानका लागि गाउँपालिकाद्वारा व्यवस्था भएको टिप्पर/अन्य गाडिमा राखी सम्बन्धिन स्थानमा लैजाने कार्यमा सहयोग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

ग. शर्त नं क र ख बमोजिमको कार्यका लागि आवश्यक सामाग्री उपलब्ध गराउने जिम्मेवारी पहिलो पक्षको हुनेछ ।

घ. थासाङ गाउँसभाबाट निर्णय भए अनुसारको फोहरमैला व्यवस्थापन शुल्क उठाउने दायित्व दोश्रो पक्षको हुनेछ। यसरी उठाएको शुल्क मध्य.................प्रतिशत रकम सम्बन्धित क्षेत्रको स्थानमा फोहरमैला व्यवस्थापन गर्ने कार्यमा खर्च गरी बाँकी ...................प्रतिशत रकम महिना समाप्त भएको ७ दिनभित्र गाउँपालिकामा दाखिला गर्ने दायित्व दोश्रो पक्षको हुनेछ ।

ङ. शर्त नं घ अनुसारको .................प्रतिशत रकम खाता खोली बैंकमा जम्मा गर्ने र बैंकमा जम्मा भएको रकम संस्थाको पदाधिकारीहरुको संयूक्त हस्ताक्षरबाट खर्च गर्ने वयवस्था मिलाउने जिम्मेवारी दोक्षो पक्षको हुनेछ।

च. फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले उपलब्ध गराएका सामाग्रीको संरक्षण गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

छ. सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानून अनुसार हुनेछ ।

थासाङ गाउँपालिका

**संस्थाको तर्फबाट**
नामः-
पदः-
सम्पर्क नं : -

**गाउँपालिकाको तर्फबाट**
नामः-
पदः-
सम्पर्क नं : -

## अनुसुचि-२

**फोहरमैला वर्गीकरणको नमुना**

| साधारण फोहरमैला | | | हानिकारक फोहरमैला | |
|---|---|---|---|---|
| **जैविक** | **अजैविक** | **अन्य** | **स्वास्थ्य संस्था जन्य** | **औद्यौगिक** |
| भान्साको फोहर | प्लाष्टिकका सामान | निर्माण सामाग्रीजन्य | म्याद नाघेका औषधी | केमिकल |
| बचेको खाना | कार्ड बोर्ड पेपर | पशुपन्छी जन्य फोहर | सिरिन्ज निडल | विषालु ग्यास खरानी |
| कागज | प्याकेजिङ्ग पेपर | मान्छेको कपाल | धारिला हातहतियार | हेभी मेटल मर्करी |
| तरकारी तथा फलफुलका बोक्रा | सिसा मेटल | | पन्जा मास्क | रंग केमिकल फर्टीलाइजर |
| पात पतिगर झारपात | जुत्ता चप्पल पुरानो कपडा | | काटिएका शरिरका अंग र रगत | |
| धुलो कसिंगर | | | | |

**आज्ञाले,**

**नगेन्द्र सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**



थासाङ गाउँपालिका